# बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५४।२।६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित बौद्धनाथ क्षेत्र विकास समिति सम्झनु पर्छ।

(ख) "बौद्धनाथ क्षेत्र" भन्नाले देहायका क्षेत्रहरु सम्झनु पर्छ :-

(१) पूर्व-जोरपाटी गा.वि.स. को पश्चिम सीमाना।

(२) पश्चिम-काठमाडौं महानगरपालिका वडा नं. ७ को सीमाना।

(३) उत्तर-जोरपाटी गाउँ विकास समिति र कपन गाउँ विकास समितिको दक्षिण सीमाना।

(४) दक्षिण-बागमती नदी र काठमाडौं महानगरपालिका वडा नं. ७ को सीमाना।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **बौद्धनाथ क्षेत्र विकास समितिको गठन** : (१) बौद्धनाथ क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक र साँस्कृति विकास गर्न बौद्धानाथ क्षेत्र विकास समिति नामक एउटा समितिको गठन हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-



नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| (क) | नेपाल सरकार ले तोकेको ब्यक्ति | - | अध्यक्ष |
| (ख) | बौद्धनाथ क्षेत्रसँग सम्बन्धित बौद्धनाथ क्षेत्रका समाजसेवी बुद्धिजीबी तथा प्रतिष्ठित व्यक्तिहरु मध्येबाट नेपाल सरकार ले मनोनीत गरेका पाँच जना ब्यक्तिहरु | - | सदस्य |
| (ग) | प्रतिनिधि, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | - | सदस्य |
| (घ) | प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय | - | सदस्य |
| (ङ) | प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - | सदस्य |
| (च) | प्रतिनिधि, गृह मन्त्रालयत्र | - | सदस्य |
| (छ) | प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय | - | सदस्य |
| (ज) | प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - | सदस्य |
| (झ) | प्रतिनिधि, सभाको सदस्य, काठमाडौं क्षेत्र नं. २ | - | सदस्य |
| (ञ) | प्रमुख, काठमाडौं महानगरपालिका | - | सदस्य |
| (ट) | वडा नं. ६ बाट निर्वाचित काठमाडौं महानगरपालिकाको सदस्य | - | सदस्य |
| (ठ) | कार्यकारी निर्देशक | - | सदस्य सचिव |

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार बर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकार ले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकता अनुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरुलाई समितिको बैठकमा पर्यवक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तब्य र अधिकार** : समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बौद्ध धर्मसम्बन्धी योजना तथा कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) बौद्धनाथ क्षेत्र भित्रको बौद्ध धर्म सम्बन्धी सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक वा यस्ते प्रकारका ऐतिहासिक महत्वका प्राचीन स्थान तथा वस्तुहरुको खोजी,

अन्वेषण, अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने । तर यस्तो कार्य गर्दा स्वीकृत लिनु पर्ने निकायको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ग) बौद्धनाथ क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्ग, संस्था वा व्यक्तिहरुसँग सम्पर्क र समन्वय गर्ने ।

(घ) बौद्धनाथ क्षेत्रभित्र पर्यटकको लागि उपयुक्त हुने स्थानहरुमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरु स्वीकृत गर्ने ।

(ङ) बौद्धनाथ क्षेत्रभित्र कुनै स्थान विशेषको महत्व, गरिमा, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखेर त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी नियन्त्रण गर्ने ।

(च) बौद्धनाथ क्षेत्र भित्रका प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम गर्ने ।

(छ) बौद्धनाथ क्षेत्रभित्र विश्व सम्पदान सूचीमा समाबिष्ट भएका स्थानहरुमा निर्माण गरिने घर, गुम्बा, मठ, धर्मशाला र अन्य निर्माण सम्बन्धी कार्यहरुलाई आवश्यक मापदण्ड तोक्ने ।

(ज) बौद्धनाथ क्षेत्र भित्रका कुनै पुरातात्विक महत्वको स्थानलाई संरक्षित स्थान घोषणा गर्ने व्यवस्था मिलाउने ।

(झ) बौद्धनाथ क्षेत्र भित्रका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरु सञ्चालन गर्ने निकायहरु बीच समन्वय कायम गर्ने ।

(ञ) बौद्धनाथ क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन गोष्ठी वा प्रदर्शनी आयोजना गर्ने ।

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नु पर्ने अन्य कार्यहरु गर्ने, गराउने ।

५. **समितिको बैठकसम्बन्धी कार्यविधि** : (१) समितिको बैठक बर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायाक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्तितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकार ले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नेपाल सरकार को स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. **समितिका कर्मचारी** :(१) समितिले आवश्यकता अनुसार समितिका कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार बाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय सङ्घ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आउने रकम ।

(ङ) समितिलाई काठमाडौं जिल्ला विकास समिति, वा काठमाडौं महानगरपालिकाबाट प्राप्त अनुदान रकम र

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार को स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपालको कुनै बैंङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा र लेखापरीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अरु नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **उप-समिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीहरुको काम,कर्तब्य, अधिकार तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता तथा अन्य सुविधा** : सदस्यहरुले तोकिएबोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **नेपाल सरकार सँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा युवा, खेलकुद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको मुख्य कार्यालय काठमाडौं महनगरपालिका, बौद्धमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरु रहन सक्नेछन् ।

१५. **नियम बनाउने अधिकार** : समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ र नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरु लागू हुनेछन् ।